प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र संख्या: २०७६/०७७

चलानी नं. ३८०६

मिति: २०७७/०१/१६

विषय: विद्यालय तहमा नतीजा प्रकाशन र पाठ्यपुस्तक वितरण सम्बन्धमा ।

श्री १०९ स्थानीय तहहरु तथा विद्यालयहरु

प्रदेश नं.५

प्रस्तुत विषयमा COVID –19 को महामारीमा शिक्षालाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने सन्दर्भमा शिक्षक महासङ्घ ,प्याब्सन, एन प्याब्सन. समन्वय एकाई. तथा विभिन्न नगरपालिकाका शिक्षा प्रमुखहरु, मन्त्रालय, निर्देशनालय तथा तालिम केन्द्रका प्रतिनिधिहरुको मिति २०७७।०१।१५ गते सामाजिक विकास मन्त्रालयमा बसेको बैठकको सल्लाह एवं सुझाव बमोजिम यस मन्त्रालयको मिति २०७७।१।१६को माननीय मन्त्रिस्तरीय निर्णय बमोजिम विद्यालय शिक्षाका सन्दर्भमा आवश्यक समन्वयको लागि अनुरोध छ।

तपसिल

१. विद्यालय तहमा कक्षा १ देखि ९ सम्मका नतीजाहरु क्रमशः प्रकाशन गर्ने व्यवस्था मिलाउन स्थानीय तहसँग समन्वय गर्ने ।

२. नतीजा प्रकाशन पश्चात भर्नाको लागि लकडाउन तथा सामाजिक दुरीलाई कायम राख्दै उपयुक्त वैकल्पिक माध्यमबाट भर्नाको व्यबस्था मिलाउन स्थानीय तहसँग समन्वय गर्ने ।

३. नतीजा प्रकाशन पश्चात विद्यालयहरुले विद्यार्थीहरुलाई यथासंभव कक्षागत पाठ्यपुस्तकहरुको व्यवस्था गर्ने ।

४. पाठ्यपुस्तक विक्री वितरणको लागि अन्य खाद्य वा औषधीजन्य सामग्री सरह सामाजिक दुरी कायम गर्दै सुरक्षा सतर्कता अपनाउने र ढुवानीको लागि गाडि पास उपलब्ध गराउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई अनुरोध गर्ने ।

धर्मेश्वर ज्ञवाली

उपसचिव २०७७।१।१६

उप-सचिव

www.mosd.p5.gov.np, mosdfive@gmail.com, 071-550038, 550650

"बुद्ध जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"